# दोश्रो बार्षिक प्रतिवेदन

## आ. व. २०७४/०७५

आशा

## आशा लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय : ककनी, नुवाकोट, फोन न. ०१०-६३०००४, ०१०-६३०००५,**
**सम्पर्क कार्यालय : कमलादी, काठमाडौं, फोन नं. :०१-४१६९०७१, ४१६९०७२**
**E-mail: ashamicrofinance@gmail.com**

श्री संचालक समिति
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रिय कार्यालय,
ककनी - ६, नुवाकोट

**विषय :- प्रतिनिधि मनोनयन गरी पठाएको सम्बन्धमा ।**

महाशय,

..........................जिल्ला............................... न.पा./गा.पा. वडा नं......... बस्ने म/हामी ........................................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७५ साल असोज २७ गते शनिवारका दिन हुने दोश्रो बार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णय प्रक्रियामा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..........................................जिल्ला ........................................ न.पा./गा.पा. वडा नं. ..............बस्ने त्यस कम्पनीका शेयरधनी श्री ................................................................... शेयर प्रमाणपत्र नं./हितग्राही परिचय नं. ...................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौ ।

**निवेदक प्रतिनिधिको दस्तखतः**

नामः

ठेगानाः

शेयर प्र.प.नं./हितग्राही परिचय नं.

कित्ता नं.................देखि ..................... सम्म

मितिः.........................................................

---

## प्रवेश-पत्र

आशा लघुवित्त वित्तीय संस्था लि.को दोश्रो वार्षिक साधारणसभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

शेयरधनीको नाम ................................................ शेयर प्रमाणपत्र नं. :............................................

शेयरधनीको हस्ताक्षर........................................... कुल शेयर संख्या :............................................हितग्राही परिचय नं.

श्री आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७५ साल असोज २७ गते शनिबारका दिन हुने दोश्रो वार्षिक साधारणसभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।

**द्रष्टव्य :**

१. शेयरधनीहरु आफैंले खाली ठाँउहरु भर्न हुन अनुरोध छ ।
२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य छ ।

**कम्पनी सचिव**

# विषय सूची


| | |
|---|---|
| १.दोश्रो वार्षिक साधारण सभाको सूचना | १ |
| २.अध्यक्षज्यूबाट प्रस्तुत संचालक समितिको प्रतिवेदन | २ |
| ३.कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ बमोजिमको विवरण | ५ |
| ४.लेखापरीक्षकको प्रतिवेदन | ८ |
| ५.संस्थाको वासलात | १० |
| ६.संस्थाको नाफा नोक्सान हिसाब | ११ |
| ७.नाफा नोक्सान बाँडफाँड हिसाब | १२ |
| ८.नगद प्रवाह विवरण | १३ |
| ९.ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण | १४ |
| १०.लेखा सँग सम्बद्ध अनुसूचीहरु | १५ |
| ११.वित्तीय विवरण प्रकाशित गर्न नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति पत्र | ३५ |
| १२.वित्तीय विवरण प्रकाशित गर्ने स्वीकृति पत्रमा उल्लेखित कैफियत सम्बन्धमा संस्थाको प्रत्युत्तर | ३६ |

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रथम वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस वित्तीय संस्थाको मिति २०७५/०६/०५गते बसेको संचालक समितिको ५६औं बैठकको निर्णयानुसार यस संस्थाको दोश्रो वार्षिक साधारण सभा देहायमा उल्लेखित मिति, समय तथा स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै साधारण सभा सम्बन्धी विवरण समय भित्रै उपलब्ध गराइनेछ। कारणवस प्राप्त नभएमा वा हुन नसकेमा शेयरधनी महानुभावले यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**सभा बस्ने मिति, समय र स्थानः**

मिति : २०७५ आश्विन २७ गते शनिवार तदनुसार २०१८ अक्टोबर १३

समय : दिनको ११ बजे

स्थान : फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोट

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आसाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७४।७५ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको शर्त निर्धारण गर्ने सम्बन्धमा (हाल बहालवाला लेखापरीक्षक श्री के.जे. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)।

४. संस्थाको रिक्त संचालक पदमा संचालक समितिबाट निर्णय भई नियुक्त हुनु भएका नयाँ संचालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा।

५. संचालक समितिको निर्णय बमोजिम संस्थाको सर्वसाधारण समूहका लागि छुट्याइएको शेयर सर्वसाधारण समक्ष निष्काशन (Initial Public Offering) गर्ने सम्बन्धी प्रस्ताव पारित गर्न पेश गर्ने, साथै सर्वसाधारण समक्ष शेयर निष्काशन (Initial Public Offering) गर्दा आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका निम्ति सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्तावहरुः**

१. वित्तिय संस्थाको प्रबन्धपत्रमा आवश्यक संसोधन गर्ने सम्बन्धमा।

२. वित्तिय संस्थाको प्रवन्धपत्रमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**ग) विविधः**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने फोटो भएको प्रमाणपत्र वा सो को प्रतिलिपी ल्याउनु पर्नेछ।

२. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका दिनको १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ।

३. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपुर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय ककनी, नुवाकोटमा दर्ता गराउनुपर्नेछ। प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ।

४. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट सामुहिक रुपले उत्तर दिइनेछ।

५. अन्य जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, ककनी - ६, नुवाकोटमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

# आशा लघुवित्त वित्तीय संस्था लि.को वार्षिक साधारण सभामा अध्यक्षज्यूबाट प्रस्तुत संचालक समितिको प्रतिवेदन

**शेयरधनी महानुभावहरु,**

आशा लघुवित्त वित्तीय संस्था लि. को दोश्रो वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सेयरधनी लगायत सम्पूर्ण महानुभावहरुलाई बैंकको संचालक समिति र मेरो आफ्नो तर्फबाट हार्दिक स्वागत गर्दछु। यस अवसरमा यहाँहरु समक्ष गत आर्थिक वर्ष २०७४/७५ मा संस्थाले हासिल गरेका उपलब्धि तथा सामना गर्नु परेका चुनौतीहरु र चालू आर्थिक वर्ष २०७५/७६को लागि लिइएका रणनीति तथा कार्यक्रम संचालनका कार्यनीति लगायतका विविध विषयहरुमा देहाय बमोजिमको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ।

**नेपालमा लघुवित्त कार्यक्रम :**

विपन्न वर्गको उत्थान र गरिबी न्यूनिकरणको लागि संसार भर एक आधारभूत र अपरिहार्य साधन बन्न पुगेको लघुवित्त कार्यक्रम करिब दुई दशकभन्दा बढी अवधिदेखि नेपालमा समेत लोकप्रिय रहेको छ। विकट तथा ग्रामीण क्षेत्रमा विपन्न वर्गका घरदैलोमा गई उनीहरुको आर्थिक समाजिक उत्थान र आय आर्जनको लागि अति नै उपयोगी रहेको यस किसिमको कार्यक्रम हाल आएर ६५ वटा लघुवित्त वित्तीय संस्थाहरु तथा २४ ओटा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त लघुकर्जा कारोवार गर्ने गैर सरकारी संस्थाहरु तथा१४ वटा सीमित बैकिङ्ग कारोवार गर्ने वचत तथा ऋण सहकारी संस्थाहरुले संचालन गरिरहेका छन्। यसका अतिरिक्त २८ वटा 'क' वर्गका वाणिज्य बैंकहरु, ३३ वटा 'ख' वर्गका विकास बैंकहरु र २५ वटा 'ग' वर्गका वित्त कम्पनीहरु समेतले प्रत्यक्ष अप्रत्यक्ष रुपमा लघुवित्त सम्बन्धी कार्यमा सहयोग गरिरहेका छन्। यस संस्थाले २०७५ साल भाद्र मसान्तसम्म सामाजिक तथा आर्थिक रुपले उपेक्षित तथा विपन्न वर्गका ३४ हजार भन्दा बढी परिवारलाई महिला मार्फत लघुवित्त सेवा पुऱ्याई उनीहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्दै आइरहेको व्यहोरा अवगत गराउन चाहन्छु।

**विगत वर्षको कारोबारको सिंहावलोकन :**

लघुवित्त सेवा दिने वित्तीय संस्थाहरु निरन्तर वृद्धि र कार्यक्षेत्र तथा शाखा कार्यालयहरुको तिब्र विस्तारका कारण सदस्यहरुको कर्जामा दोहोरोपनाको समस्या र प्रतिस्पर्धा बढ्न गई लघुवित्त व्यवसायमा चुनौती कायम रहेको अवस्था छ। यस्तो परिस्थितिमा पनिसंस्थाको संचालक समितिको निर्देशन र व्यवस्थापनको योजनाबद्ध कार्य सञ्चालन तथा सबै कर्मचारीहरुको अथकपरिश्रमबाट कार्यक्रममा पर्न गएको नकारात्मक प्रभाव लगायतका चुनौतीहरुलाई न्यूनीकरण गर्न सकिएको छ। साथै वित्तीय संस्थाका सबै शाखाहरु मार्फत विप्रेषण सेवा उपलब्ध गराई सदस्यहरुलाई थप सुविधा प्रदान गरिएको छ। सदस्यहरुलाई विशेष परिस्थितिहरुमा सहयोग गर्नका निमित्त सामाजिक सुरक्षण कोष तथा ऋणी सुरक्षण कोष स्थापना गरिएको छ। उल्लेखित कोषहरुको संचालन गर्न एक छुट्टै **सुरक्षा योजना व्यवस्थापन निर्देशिका, २०७३** तयार गरी सो निर्देशिकाको अधीनमा रही सदस्यहरुलाई विशेष परिस्थितिमा सहयोग गरिएको छ। अब म यहाँहरु समक्ष संस्थाको आ.व. २०७४/७५ को कार्य प्रगति तथा वित्तीय स्थितिको संक्षिप्त विवरण प्रस्तुत गर्दछु।

**आ.व. २०७३/७४ एवं २०७४/७५ मा वित्तीय स्थितिको संक्षिप्त तुलनात्मक विवरण :** (रु. हजारमा)

| क्र.सं. | विवरण | आ.व. २०७४/७५ | आ.व. २०७३/७४ |
|---|---|---|---|
| १ | शेयर पूँजी | १,४०,००० | ७०,००० |
| २ | जगेडा तथा कोषहरु | ७६.७४ | (११,०१५) |
| ३ | तिर्न बाँकी कर्जा सापट | ८९७,२३७ | ३६५,२५० |
| ४ | निक्षेप दायित्व | २५७,२९४ | ३६,९४२ |
| ५ | कर्जा सापट | १,२७५,३६८ | ३८७,२५८ |
| ६ | खुद मुनाफा | ११,०९२ | (१०,४८१) |
| ७ | असुली दर | ९९.२२ प्रतिशत | ९९.९५ प्रतिशत |
| | **सेवा विस्तार** | | |
| १ | शाखा संख्या | ३६ | ३३ |
| २ | जिल्ला | २३ | २१ |
| ३ | केन्द्र | २४५० | ८६६ |
| ४ | समूह | ६५२३ | २४०२ |
| ५ | सदस्य संख्या | ३२६१८ | ११३१४ |
| ६ | ऋणी संख्या | २१२२५ | ६८५५ |

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट बैंकको कारोबारमा परेको असर :**

अन्तर्राष्ट्रिय परिस्थितिले समीक्षा आर्थिक वर्षको कारोबारमा ठूलो असर नपारेपनि राष्ट्रिय परिस्थितिबाट भने असर परेको पाइन्छ। देशको राजनीतिक अवस्था स्थिरता तर्फ उन्मुख भए पनि अझै सहज हुन नसकेको कारणले आर्थिक र सामाजिक पक्ष प्रभावित भइरहेका छन्। यसले पनि समग्रमा बैंकको कारोबार वृद्धिमा केही असर पर्न गएको छ। तरलता अभावका कारण वित्तीय संस्थाबाट लिएको कर्जा सापटको ब्याजदर दोब्बरले वृद्धि भएको छ।यसको कारणले संस्थाले अपेक्षाकृत मुनाफा आर्जन गर्न नसकेको अवस्था रहेको छ।

**पूँजी वृद्धि :**

आ.व. २०७४।७५मा संस्थाले विशेष साधारण सभाबाट स्वीकृति लिई अधिकृत तथा जारी पूँजी रु. २० करोड कायम गरेको तथा १:१ अनुपातमा हकप्रद शेयर जारी गरी आर्थिक वर्षको अन्त्यमाचुक्ता पूँजी रु. १४ करोड पुऱ्याएको छ। यस साधारण सभाबाट स्वीकृत भएपछि सर्वसाधारण शेयर जारी हुनेछ।

**कार्यक्षेत्रको विस्तार :**

२०७३ भाद्र १५ गतेदेखि कारोबार शुरु गरेको यस वित्तीय संस्थाले आ.व. २०७४/७५ को अन्त्य सम्ममा २३ जिल्लाहरुमा ३६ वटा शाखा कार्यालयहरु स्थापना मार्फत सेवा प्रवाह गरिरहेको छ।साथै चालू आर्थिक वर्षमा बारा, पर्सा, रौतहट, कैलाली तथा सुर्खेत जिल्लाहरुमा ५ वटा शाखा कार्यालयहरु थप गरेपछि हाल संचालित जम्मा शाखाहरुको संख्या ४१ वटा रहेको छ।

**मानव संसाधनको विकास :**

आर्थिक वर्ष २०७४।७५ मा वित्तीय संस्थाले शाखा प्रमुखहरुको क्षमता अभिवृद्धि तथा उत्प्रेरणाका निम्ति ४ वटा दुई दिने गोष्ठिहरुको आयोजना गरिसकेको छ। साथै फिल्ड व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन फिल्ड सहायक कर्मचारीहरुका निम्ति एउटा दुई दिने गोष्ठि समेत आयोजना गरियो। साथै थोक कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरुद्वारा आयोजित तालिम कार्यक्रमहरुमा कर्मचारीहरुलाई सहभागी गराई उनीहरुको क्षमता विकासलाई प्राथमिकता दिइएको छ। साथै कर्मचारीहरु बीच नियमित सम्पर्क तथा समन्वय गरी संस्थाको कार्य सञ्चालनमा एकरुपता ल्याउने कार्यलाई अघि बढाइएको छ।

कार्यक्रम र कार्यक्षेत्रको विस्तार सँगै मानव संसाधन विकास आवश्यक रहने विषयलाई मध्यनजर गर्दै आ.ब. २०७५/७६ मा आवश्यक जनशक्तिहरुको व्यवस्थापन, आवश्यकता अनुसारको तालीम तथा वृत्ति विकासका कार्यक्रमहरु संचालन गरी संस्थाले दक्ष जनशक्ति निर्माणमा आवश्यक पहल गरिरहेको छ। संस्थाको विकास तथा दिर्घकालीन सफलताका निम्ति कार्यरत कर्मचारीहरुको क्षमता, दक्षता, मनोबल तथा उत्प्रेरणाको महत्वपूर्ण भूमिका हुने भएकोले कर्मचारी छनौट, सरुवा, बढुवा, तालिम तथा वृत्ति विकासका निमित्त उपयुक्त निति एवं निर्देशिकाहरु तयार गरी कार्यान्वयन गरिनेछ। आर्थिक वर्ष २०७४।०७५को अन्त्य सम्ममा कर्मचारी संख्या १६६ जना रहेको छ।

**चूनौतिहरु :**

गएको आ.व २०७४/७५ मा संस्थाले सामाना गरेका मुख्य चुनौतिहरु निम्नानुसार रहेका छन् :

क. ग्रामीण क्षेत्रमा नगद कारोबार गर्न प्रतिकुलता रहनु।

ख. लघु वित्तीय संस्थाहरु बीच शाखा स्थापनामा प्रतिस्पर्धा भई कर्जाको दोहोरोपना रहनु।

ग. विभिन्न समयमा नीतिगत परिवर्तनबाट श्रृजना हुने अवस्थाहरु।

घ. तरलता अभावका कारण ब्याजदरमा अत्याधिक बृद्धि हुनु।

ङ. नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ७ प्रतिशतको स्प्रेड दर तथा १८ प्रतिशत ब्याजदर कायम गर्नुपर्ने प्रावधानलाई पालना गर्दा लघुवित्त वित्तीय संस्थाहरुलाई नियमित खर्च धान्न कठिनाई हुनु।

**अन्य भावी कार्यक्रमहरु**

राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले संख्यात्मक बृद्धि सँगसँगै सेवामा गुणात्मक वृद्धिलाई समेत अगाडी सारेको छ। वित्तीय बजारको वर्तमान अवस्थालाई विश्लेषण गरी वित्तीय पहुँच कम भएका क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्दै लाने कार्य भैरहेको छ। विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेका सेवामुखी सुविधाहरु तथा ग्राहक सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको सहभागीता र उत्साहले नै हालसम्म यस वित्तीय संस्थालाई आफ्नो कार्यक्रम विस्तार गर्न सफलता प्राप्त भएको छ। हाल देशमा देखिएको विषम परिस्थितिहरु तथा लघुवित्त वित्तीय संस्थाहरु विच हुने अस्वस्थ प्रतिस्पर्धा, कर्जा/सदस्यको दोहोरोपन आदी कारणले वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएता पनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय संस्थासँग रहेको मौज्दात तथा बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त सकारात्मक सहयोग एवं कुशल व्यवस्थापनको कारण सम्पूर्ण वित्तीय परिसुचकहरुमा चालु आ.व.मा कुनै नकारात्मक असर नपर्ने देखिन्छ। यसको साथै भविष्यमा पनि यस्तो नकारात्मक असर पर्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरुको तर्जुमा गरी अगाडी बढ्ने रणनीति यस वित्तीय संस्थाले लिएको छ। संस्थाको आ. ब. २०७५/७६ का कार्यक्रमहरुको संक्षिप्त स्वरुप निम्न बमोजिम रहेको छ।

**आन्तरिक नियन्त्रण प्रणालीको विकास :**

लघुवित्त वित्तीय संस्थामा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ रहनु आवश्यक रहने कुरालाई मध्य नजर गर्दै यसै आ.ब. २०७४/७५ मा उपयुक्त जनशक्ति व्यवस्थापन गरी नियमित रुपमा आन्तरिक स्रोत साधन र जनशक्तिबाटै शाखा कार्यालयहरुको अनुगमन निरिक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ। त्यसैगरी आन्तरिक तथा बाह्य लेखापरिक्षक र नेपाल राष्ट्र बैंक बाट भए/गरेका सुधार गर्नु पर्ने निर्देशनहरुलाई क्रमशः सुधार गर्दै लगिएको ब्यहोरा जानकारी गराउन चाहन्छु।

**संस्थागत सुशासन :**

यस वित्तीय संस्थाले विद्यमान ऐन कानून तथा नीति नियम र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनहरु मुताविक आफ्नो व्यवसाय संचालन गर्दै आएको व्यहोरा जानकारी गराउन चाहन्छु। साथै वित्तीय संस्थाका शेयरधनीहरु प्रति संस्थाको सञ्चालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहनेछ। नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था संचालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न त्रैमासिक रुपमा आन्तरिक लेखा परीक्षण गराई लेखापरिक्षकले दिएको सुझाव वमोजिम कार्यान्वयन गर्दै जाने छ। कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था, सदस्यहरुलाई प्रतिकूल परिवेशको बेला सहयोग पुऱ्याउने उद्देश्यले स्थापित सामाजिक सुरक्षा कोष तथा ऋणी सुरक्षण कोष जस्ता कोषहरुको व्यवस्था मार्फत सेवा प्रवाह तर्फ वित्तीय संस्था अझ प्रभावकारी रुपमा अगाडी बढ्नेमा हामी विश्वस्त छौं। यस वित्तीय संस्थाको सञ्चालक समितिबाट संस्थागत सुशासन कायम राख्न लेखापरीक्षण, जोखिम व्यवस्थापन तथा कर्मचारी सेवा सुविधा उपसमितिहरु गठन गरिएको छ। आन्तरिक तथा बाह्य लेखापरिक्षक एवं नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरिक्षण र त्यसबाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ वनाउन सञ्चालक समिति तथा व्यवस्थापन सदैव कटिवद्ध रहनुका साथै कारोवारलाई व्यवस्थित गर्न आवश्यक थप नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरि तदनुरुप लागू गरिने छ।

**प्रविधि उपयोग :**

सदस्यहरुको बदलिँदो चाहना, चेतनाको स्तर, ग्रामिण क्षेत्रमा पनि सूचना संचार प्रविधिको उपलब्धता तथा प्रयोग, प्रतिस्पर्धात्मक वातावरण जस्ता अवस्थाहरुलाई विश्लेषण गरी यस वित्तीय संस्थाले आगामी आर्थिक वर्षमा प्रविधिको नयाँ प्रयोगबाट सदस्यहरुलाई अझ छिटो छरितो सेवा प्रवाह गर्नेतर्फ संस्था कृयाशील रहनेछ। यसका निम्ति नवीनतम सेवा तथा उत्पादनहरुलाई सदस्यहरु समक्ष पुऱ्याउन प्रयत्नशील रहने विश्वास व्यक्त गर्दछु। संस्थाले हाल प्रयोग गरिरहेको बैंकिङ सिस्टमलाई परिष्कृत गरी नयाँ संस्करण विकास गर्ने कार्य अन्तिम चरणमा रहेको छ। यसको सफल प्रयोगबाट संस्था प्राविधिक रुपमा अझ सबल हुने विश्वास गर्दछु। विद्युतिय बैंकिङ, एस एम एस बैंकिङ जस्ता सुविधाहरु थप गरी सदस्यहरुलाई दिइने सेवा अझ सुलभ र सरल बनाइनेछ।

**आभार प्रकट**

दोश्रो साधारण सभाको यस अवसरमा यस संस्थाको स्थापना कालदेखि संस्थालाई सहयोग पुऱ्याउँदै आउनुभएको शेयरधनी महानुभावहरु, सदस्यहरु, लेखापरीक्षक तथा नेपाल सरकारका निकायहरु अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय एवं कर्जा सूचना केन्द्र, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु लगायत संस्थाको कारोबार विस्तारमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउने सम्पूर्ण निकायहरुप्रति कृतज्ञता प्रकट गर्दछु। साथै संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुको कर्तब्यनिष्ठता, लगनशिलता एवम् कठीन परिश्रमको सराहना गर्दछु।

धन्यवाद !

सञ्चालक समितिको तर्फबाट
**निर्गुण प्रसाद भट्टचन**
अध्यक्ष
मिति : २०७५/०६/२७

## कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ बमोजिमको विवरण

**क. विगतवर्षको कारोबारको सिंहावलोकन :**

वित्तीय संस्थाको सञ्चालक समितिको प्रतिवेदनमा यस सम्बन्धमा उल्लेख गरिएको छ ।

**ख. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थीति र यसका प्रभावहरु :**

अन्तर्राष्ट्रिय परिस्थितिले समीक्षा आर्थिक वर्षको कारोबारमा ठूलो असर नपारेपनि राष्ट्रिय परिस्थितिबाट भने असर परेको पाइन्छ । देशको राजनीतिक अवस्था स्थिरता तर्फ उन्मुख भएपनि अझै सहज हुन नसकेको कारणले आर्थिक र सामाजिक पक्ष प्रभावित भइरहेका छन् । यसले पनि समग्रमा बैंकको कारोबार वृद्धिमा केही असर पर्न गएको छ । तरलता अभावका कारण वित्तीय संस्थाबाट लिएको कर्जा सापटको ब्याजदर दोब्बरले वृद्धि भएको छ । यसको कारणले संस्थाले अपेक्षाकृत मुनाफा आर्जन गर्न नसकेको अवस्था रहेको छ ।

**ग. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको अवधारणा :**

यस संस्थाको आ.ब. २०७५/७६ को भाद्र महिनाको अन्त्यसम्ममा रु. ६७,८५६,७९९।-कुल आम्दानी रहेको र रु.९,०५७,५२३।- मुनाफा रहेको छ, साथै भाद्र महिनाको अन्त्य सम्ममा संस्थाको लगानीमा रहिरहेको ऋण रकम रु. १,३६८,२३६,१३१।- रहेको छ । संस्थाको आ. व. २०७५/७६ को संक्षिप्त वार्षिक कार्यक्रम तथा भविष्यमा गर्नुपर्ने क्रियाकलापहरुको सम्बन्धमा सञ्चालक समितिको अवधारणा अगाडि नै प्रस्तुत गरिसकिएको छ ।

**घ. औद्योगिक तथा व्यवसायिक सम्बन्धमा :**

यस संस्थाले सबै वित्तीय संस्थाहरुसँग व्यवसायिक रुपमा आफ्नो सम्बन्ध विस्तार गर्दै लाने छ । त्यसैगरी संस्थागत सुशासन, व्यवस्थापन तथा कर्मचारी विच सुमधुर सम्बन्ध कायम राख्न प्रतिबद्ध रहेको छ ।

**ङ. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

सञ्चालक समितिमा आ.ब. २०७४/७५ मा सञ्चालक श्री रामेश्वर सापकोटाले कार्यव्यस्तताको कारण देखाई राजिनामा दिनुभएको तथा सुश्री सुसन शेरचन संचालक नियुक्त हुनुभएकोले वर्तमान समितिमा निम्नानुसारका व्यक्तिहरु कायम रहनुभएको छ ।

| | |
|---|---|
| श्री निर्गुण प्रसाद भट्टचन | अध्यक्ष |
| श्री प्रदिपकुमार खड्का | संचालक |
| श्री हेमन्त पौडेल | संचालक |
| सुश्री सुसन शेरचन | संचालक |

**च. कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायले गर्ने नियमन, निर्देशनको परिवर्तनबाट कारोबारमा पनि असर पर्न सक्ने देखिन्छ । बढ्दै गएको मुद्रास्फितिले संचालन खर्चहरुमा वृद्धि हुनेछ । बैंक सापटीको बढ्दो ब्याजदरले ब्याज खर्चमा अत्याधिक वृद्धि भएको छ । यस्तो अवस्थामा संस्थाको समग्र जोखिम कम गर्नुपर्ने आवश्यकता एकातिर छ भने पूँजीको परिमाण अनुरुपको व्यवसाय विस्तार गरी शेयरधनीहरुको लगानीमा यथोचित प्रतिफलको प्रत्याभूति दिनुपर्ने अर्को चूनौति छ । समयानुकुल उपयुक्त रणनीतिहरु अवलम्बन गरी तमाम प्रतिकुलताहरुका बीच संस्थालाई सफलतापूर्वक अघि बढाउने कार्य आगामी दिनमा निकै चुनौतिपुर्ण देखिन्छ ।

**छ. लेखा परिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेखित भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :**

लेखा परीक्षण प्रतिवेदनमा नियमित कारोबारका सामान्य कैफियत बाहेक गम्भीर प्रकृतिका त्रुटीहरु देखिएको छैन । लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरुमा संचालक समितिको ध्यानाकर्षण भएको छ । प्रतिवेदनबाट प्राप्त सुझावहरुलाई अनुसरण गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

**ज. लाभांश बाँडफाँड गर्नेसिफारिस गरिएको रकम :**

सो सम्बन्धी व्यवस्था गरिएको छैन ।

**झ. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकितमूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगाबै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछी सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफतभएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :**

हालसम्म कुनै शेयर जफत गरिएको छैन ।

**ञ. विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगती र सो आर्थिक वर्षको अन्तमा रहेको भए सोको विवरण :**

यसको कुनै पनि सहायक कम्पनी छैन ।

**ट. कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिको कारोबारमा आएको कुनै महत्वपुर्ण परिवर्तन :**

संस्थाको सहायक कम्पनी नभएको ।

**ठ. विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

हालसम्म यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**ड. विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

हालसम्म यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**ढ. विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

हालसम्म यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**ण. कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :**

वित्तीय संस्थाले समिक्षा अवधिमा आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

**त. आन्तरिक नियन्त्रण प्रणाली भएवानभएको र भएको भए सोको विस्तृत विवरण :**

संस्थाले हाल कर्जा अपलेखन निति, बचत तथा कर्जा निर्देशिका, सूचना प्रविधि निति, आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, ग्राहक पहिचान कार्यविधि, लेखापरीक्षण कार्यविधि, सुरक्षा योजना व्यवस्थापन निर्देशिका, लेखा निर्देशिका तथा नगद संचालन निर्देशिका तयार गरी लागू गरिएको तथा सो अनुसार अवलम्बन गर्दै आएको छ । संस्थामा जोखिम व्यवस्थापन समिति, लेखा परिक्षण समिति तथा कर्मचारी सेवा सुविधा समित गठन गरिएको छ । साथै संस्थाको कारोबारका सन्दर्भमा भविष्यमा आवश्यक पर्ने नीतिनियमहरु तर्जुमा तथा तदनुरुप कार्यान्वयन गर्दै लगिने एवं संस्थाको आन्तरिक नियन्त्रण प्रणलीलाई अझ सुदृढ वनाउंदै लगिने छ ।

**थ. विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

| | |
|---|---|
| कर्मचारी खर्च | : रु. ४५,४१२,१८१।- र |
| कार्यालय संचालन खर्च | : रु. २२,९३१,१३३।- गरी |
| **जम्मा** | **: रु. ६८,३४३,३१४।-** |

**द. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले दोश्रो वार्षिक प्रतिवेदन २०७४/०७५ मा गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भएसो को विवरण :**

वर्तमान लेखापरीक्षण समितिका सदस्यहरु देहाय बमोजिम रहनुभएको छ ।

१. श्री प्रदिपकुमार खड्का, सञ्चालक - संयोजक

२. श्री हेमन्त पौडेल, सञ्चालक - सदस्य

३. श्री प्रमोद भट्टराई, विभागीय प्रमुख - सदस्य सचिव

समितिका संयोजकलाई प्रति बैठक भत्ता रु.३५००/- तथा सदस्यलाई रु.३,०००/- बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा दिइएको छैन । संस्थामा कार्यरत कर्मचारीलाई बैठक भत्ताको व्यवस्था गरिएको छैन । यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन, वाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सोबाट प्राप्त सल्लाह, सुझाव तथा निर्देशनहरुको पालना भए नभएको मूल्याङ्कन गर्ने, तथा उक्त प्रतिवेदनहरुको समीक्षा गरी सुधारका लागि आवश्यक निर्देशन दिने गरेको छ । समितिले आन्तरिक तथा बाह्य लेखापरीक्षकहरु नियुक्तिका लागि संचालक समिति समक्ष आवश्यक सिफारिस गरेको छ ।

**ध. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनीवा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

नभएको ।

**न. सञ्चालक, प्रबन्धक सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक भत्ता तथा सुविधाको रकम :**

आर्थिक वर्ष २०७४/७५मा सञ्चालक समितिका सदस्यहरुलाई बैठक भत्ता स्वरुप जम्मा रु. ३,७३,५००।- भुक्तानी गरिएको छ। यस बाहेक कुनै पनि भत्ता तथा सुविधा उपलब्ध गराइएको छैन ।

आर्थिक वर्ष २०७४/७५ मा प्रमुख कार्यकारी अधिकृतलाई पारिश्रमिक, भत्ता तथा सुविधा वापत जम्मा रु.**१५,७८,६५२।-**भुक्तानी गरिएको छ ।

**प. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

हालसम्म लाभांश वितरण नभएको

**फ. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण :**

नभएको ।

**ब. कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :**

नभएको

**भ. कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुराहरु :**

खुलाउनुपर्ने अन्य कुराहरु नभएको ।

**म. अन्य आवश्यक कुराहरु :**

अन्य आवश्यक कुराहरु नभएको ।

K.J. & ASSOCIATES
Chartered Accountants
Firm Regd No.: 579 PAN: 603669518
Dharmapath, Kathmandu, Nepal

श्री आशा लघुवित्त वित्तीय संस्था लिमिटेडका
शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

वित्तीय विवरण माथि प्रतिवेदन

हामीले श्री आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको यसैसाथ संलग्न २०७५/०३/३२ (१६ जूलाई २०१८) को वासलात, सोहि मितिमा समाप्त आर्थिक वर्षको आय-व्यय विवरण, इक्विटीमा भएको परिवर्तन, नगदप्रवाह विवरण र प्रमूख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । यी वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो रायजारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

आर्थिक विवरण प्रति व्यवस्थापनको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुतगर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटीरहित वित्तिय विवरण तयार गर्ने सम्बन्धी आन्तरीक नियन्त्रण प्रणालीको तर्जूमा, कार्यन्वयन र संचालन गर्ने कार्य, लेखानीतिहरु छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो लेखापरीक्षणको आधारमा वित्तिय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । यी मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तिय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछन् ।

लेखापरीक्षण अन्तर्गत वीत्तिय विवरणमा उल्लेखित रकम र खूलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटि यूक्त प्रस्तूतिहुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै रायव्यक्त गर्ने उद्देश्यले नभइ परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तिय विवरण तयार एवं प्रस्तुतीगर्ने क्रममा अवलम्बन गरेका आन्तरिक नियन्त्रण प्रणालिको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपुर्ण अनुमानहरुको उपयुक्तताको मुल्याङ्कनका साथै समग्र वित्तिय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।
हाम्रो लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

प्रतिदावीका आधार

वित्तीय संस्थाहरुमा वित्तीय सम्प्रेषण खाका १६ जुलाई २०१६ देखि प्रभावकारी रुपमा लागू भएको छ । नेपाल लेखामान नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) मा परिर्वतन भएका तर यस वित्तीय संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित प्रतिवेदन मानहरु (NFRS) बमोजिम तयार नगरेको साथै नयाँ लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुती र खुलासा पनि गरेको पाईएन ।
उल्लेखित परिवर्तित प्रतिवेदन मानहरु अनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा सम्प्रेषण नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुनसक्छ ।

प्रतिदावीका राय

तसर्थ, माथिको प्रतिवादी आधार हरफमा उल्लेखित कुराहरुको महत्व र परिवर्तित प्रतिवेदन मानहरु (NFRS) पहिलो पटक ग्रहण गर्दा चाहिने वित्तीय सूचनाको पुनर्लेखन र थप खुलासा यस संस्थाबाट पालना नगरिएको, यसबाट पर्न जान सक्ने एकीकृत असरको बारेमा लेखापरीक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकाले, हामी यस संस्थाको आ.व. २०७४/७५ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तुत गर्दैनौ ।

२०७५/०४/ (signature; stamp: K.J. & Associates, Chartered Accountants, Kathmandu, Nepal)

Tel. : +977 1 4244103 / 104 Web : www.consultkarmanta.com E-mail : info@cajsr.com

अन्य कानुनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा निम्न बमोजिम प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

ख) संस्थाको लेखा दोहोरो लेखा प्रणालीमा आधारित भएतापनि कम्पनी ऐनले तोके बमोजिम संस्थाको कोरोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरि प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान (NFRS) बमोजिम लेखा राखेको पाइएन ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र संलग्न अनुसूचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाब, बहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

घ) हाम्रो लेखापरीक्षणको समयमा यस संस्थाको संचालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित लेखा सम्बन्धि कुनै कामकाज वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ती हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) संस्थाले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

च) संस्थाले गरेको कार्य आफ्नो कार्य क्षेत्र भित्र रहेको पाइयो ।

जगदीश खड्का, सि.ए.
के.जे एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

मिति : २०७५.०५.०८
स्थान : काठमाण्डौ, नेपाल

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड

२०७५ साल आषाढ मसान्तको

## वासलात

| पूँजी तथा दायित्व | अनूसुची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. शेयर पूँजी | ४.१ | १४०,०००,००० | ७०,०००,००० |
| २. जगेडा तथा कोषहरू | ४.२ | ७६,७४५ | (११,०१५,८४०) |
| ३. ऋणपत्र तथा बण्ड | ४.३ | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४.४ | ८९७,२३७,५८३ | ३६५,२५०,४२४ |
| ५. निक्षेप दायित्व | ४.५ | २५७,२९४,४९१ | ३६,९४२,५३० |
| ६. प्रस्तावित नगद लाभांश | | - | - |
| ७. आयकर दायित्व | | - | - |
| ८. अन्य दायित्व | ४.६ | २१,९३९,७५७ | ६,४५५,७०८ |
| **कुल पूँजी तथा दायित्वः** | | **१,३१६,५४८,५७५** | **४६७,६३२,८२२** |
| **सम्पत्ति** | **अनूसुची** | **यस वर्ष रू.** | **गत वर्ष रू.** |
| १. नगद मौज्दात | | १४६,५५२ | ४३२,५२४ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | - | - |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | १५,०९२,०२५ | ५५,८५३,४५५ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४.७ | - | - |
| ५. लगानी | ४.८ | - | - |
| ६. कर्जा सापट | ४.९ | १,२७५,३६८,९५० | ३८७,२५८,०१७ |
| ७. स्थिर सम्पत्ति | ४.१० | १७,६८६,४३९ | १९,२७३,८४२ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | ८,२५४,६०९ | ४,८१४,९८४ |
| **कुल सम्पत्तिः** | | **१,३१६,५४८,५७५** | **४६७,६३२,८२२** |

**४.१ देखि ४.१७ सम्मका अनसुचीहरू वासलातका अभिन्न अंग हुन्।**

| | |
|---|---|
| संभावित दायित्व | अनुसूची ४.१३ |
| सञ्चालकहरुको घोषणा | अनुसूची ४.२३ |
| पूजीकोष तालिका | अनुसूची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची ४.२४(क) |
| प्रमूख सूचकाङ्कहरु | अनुसूची ४.२५ |
| प्रमूख लेखा नीतिहरु | अनुसूची ४.२६ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनुसूची ४.२७ |

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा**

**निर्गुण प्रसाद भट्टचन**
**अध्यक्ष**

**प्रदिप कुमार खड्का**
**सञ्चालक**

**हेमन्त पौडेल**
**सञ्चालक**

**सुसन शेरचन**
**सञ्चालक**

**बद्री प्रसाद दुलाल**
**प्रमुख कार्यकारी अधिकृत**

**प्रमोद भट्टराई**
**प्रमुख-वित्त**

**जगदीश खड्का, सि.ए**
**के.जे. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

मितिः २०७५।०५।०७

ककनी, नुवाकोट

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड

मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्म

## नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | "यस वर्ष रू." | "गत वर्ष रू." |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१४ | १५०,३६३,६०६ | १९,४६५,४०१ |
| २. ब्याज खर्च | ४.१५ | ८९,४४५,३६८ | ९,९५५,०६७ |
| **३. खुद ब्याज आम्दानी** | | **६०,९१८,२३८** | **९,५१०,३३४** |
| ४. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ३६,२४०,६४२ | ६,४७४,२०९ |
| ५. सटही घटबढ आम्दानी | | - | - |
| **कुल सञ्चालन आम्दानी** | | **९७,१५८,८८०** | **१५,९८४,५४३** |
| ६. कर्मचारी खर्च | ४.१७ | ४५,४१२,१८१ | १३,४९४,६२३ |
| ७. अन्य सञ्चालन खर्च | ४.१८ | २२,९३१,१३३ | १२,२४६,९६६ |
| ८. सटही घटबढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **२८,८१५,५६६** | **(९,७५७,०४६)** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरू | ४.१९ | १४,२६१,७८३ | ४,११७,०७० |
| **सञ्चालन मुनाफा:** | | **१४,५५३,७८३** | **(१३,८७४,११६)** |
| १०. गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | १,०३१ | ७,६०३ |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२१ | १,६६१,७६४ | ४१८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **१६,२१६,५७७** | **(१३,८६६,०९५)** |
| १२. असामान्य कारोवारहरूबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **१६,२१६,५७७** | **(१३,८६६,०९५)** |
| १३. कर्मचारी बोनस ब्यबस्था | | १,४७४,२३४ | - |
| १४. आयकर व्यवस्था | | (३,६४९,७५८) | - |
| ◆ यस वर्षको कर व्यवस्था | | (२५८,८३२) | - |
| ◆ विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| ◆ यस वर्षको स्थगन कर आम्दानी/(खर्च ) | | (३,३९०,९२६) | ३,३८४,९५२ |
| **खुद नाफा/नोक्सान:** | | **११,०९२,५८५** | **(१०,४८१,१४३)** |

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसाबका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

**निर्गुण प्रसाद भट्टचन**
**अध्यक्ष**

**प्रदिप कुमार खड्का**
**सञ्चालक**

**हेमन्त पौडेल**
**सञ्चालक**

**सुसन शेरचन**
**सञ्चालक**

**बद्री प्रसाद दुलाल**
**प्रमुख कार्यकारी अधिकृत**

**प्रमोद भट्टराई**
**प्रमुख-वित्त**

**जगदीश खड्का, सि.ए**
**के.जे. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

मिति: २०७५।०५।०७

ककनी, नुवाकोट

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड
## नाफा नोक्सान बाँडफाँड हिसाब

मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्म

| विवरण | अनूसुची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| आम्दानी : | | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | | - | - |
| २. यस वर्षको मुनाफा | | ११,०९२,५८५ | - |
| ३. सटही घट/बढ कोष | | - | - |
| ४. स्थगन कर जगेडा कोष | | ३,३९०,९२६ | - |
| | | **१४,४८३,५११** | |
| **खर्चः** | | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | | १४,६०१,८२८ | ७३५,७३३ |
| २. यस वर्षको नोक्सान | | - | १०,४८१,१४३ |
| ३. साधारण जगेडाकोष | | २,२१८,५१७ | - |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी कल्याणकारी कोष | | - | - |
| ८. ग्राहक सदस्य कल्याणकारी कोष | | - | - |
| ९. प्रस्तावित लाभांश | | - | - |
| १०. प्रस्तावित बोनस शेयर | | - | - |
| ११. विशेष जगेडा कोष | | - | - |
| १२. सटही घट/बढ कोष | | - | - |
| १३. पूँजी फिर्ता जगेडा कोष | | - | - |
| १४. पूँजी समायोजन कोष | | - | - |
| १५. स्थगन कर कोष | | - | ३,३८४,९५२ |
| १६. लगानी समायोजन कोष | | - | - |
| १७. सामाजिक उत्तरदायित्व कोष | | ११०,९२६ | - |
| १८. ग्राहक संरक्षण कोष | | ११०,९२६ | |
| **जम्मा :** | | **१७,०४२,१९७** | **१४,६०१,८२८** |
| **सञ्चित मुनाफा/(नोक्सान):** | | (२,५५८,६८६) | (१४,६०१,८२८) |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

**निर्गुण प्रसाद भट्टचन**
**अध्यक्ष**

**प्रदिप कुमार खड्का**
**सञ्चालक**

**हेमन्त पौडेल**
**सञ्चालक**

**सुसन शेरचन**
**सञ्चालक**

**बद्री प्रसाद दुलाल**
**प्रमुख कार्यकारी अधिकृत**

**प्रमोद भट्टराई**
**प्रमुख-वित्त**

**जगदीश खड्का, सि.ए**
**के.जे. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

मितिः २०७५।०५।०७
ककनी, नुवाकोट

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड

## नगद प्रवाह विवरण

मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्म

| विवरण | अनुसुची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| **क) कारोबार संचालनबाट नगद प्रवाह** | | **(१०७,४६०,५६९)** | **८,८०१,१६९** |
| **१. नगद प्राप्ति** | | **१८६,६०५,२७८** | **२५,९४७,२१३** |
| १.१ ब्याज आम्दानी | | १५०,३६३,६०६ | १९,४६५,४०१ |
| १.२ कमीशन तथा डिष्काउन्ट आम्दानी | | ३६,२४१,६७२ | ६,४८१,८१३ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | | - | - |
| १.४ अपलेखित कर्जाको असुली | | - | - |
| १.५ अन्य आम्दानी | | - | - |
| **२. नगद भुक्तानी** | | १५४,३४७,५१२ | **३१,९७२,६८६** |
| २.१ ब्याज खर्च | | ८९,४४५,३६८ | ९,४१०,३६९ |
| २.२ कर्मचारी खर्च | | ४६,८८६,४१५ | १३,१०४,३८९ |
| २.३ कार्यालय संचालन खर्च | | - | - |
| २.४ आयकर भुक्तानी | | २५८,८३२.१० | १२,५३८ |
| २.५ अन्य खर्च | | १७,७५६,८९७ | ९,४४५,३९० |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | | **३२,२५७,७६६** | **(६,०२५,४७३)** |
| **संचालन सम्बन्धि चालू सम्पत्तिमा कमी/(वृद्धि)** | | **(९०७,५४१,५०३)** | **(३९१,४८७,०८३)** |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | | - | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | | - | - |
| ३. कर्जा तथा विल्स खरिदमा कमी/(वृद्धि) | | (९००,७१०,९५३) | (३९१,३७४,६६९) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | | (६,८३०,५५०) | (११२,४१४) |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा बृद्धि/(कमी)** | | **७६७,८२३,१६८** | **४०६,३१३,७२५** |
| १. निक्षेप दायित्वमा बृद्धि/(कमी) | | २२०,३५१,९६० | ३६,९४२,५३१ |
| २. अल्पकालीन सापटीमा बृद्धि/(कमी) | | ५३१,९८७,१५९ | ३६५,२५०,४२४ |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | | १५,४८४,०४९ | ४,१२०,७७० |
| **(ख) लगानी कारोबारमा नगद प्रवाह** | | **(३,५८६,८३३)** | **(२०,८४८,८५८)** |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | | - | - |
| २. स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | | (३,५८६,८३३) | (२०,८४८,८५८) |
| ३. लगानीमा कमी/(वृद्धि) | | - | - |
| ४. लाभांश आम्दानी | | - | - |
| ५. अन्य | | - | - |
| **ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | | ७०,०००,००० | - |
| १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा बृद्धि/(कमी) | | - | - |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | | ७०,०००,००० | - |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | | - | - |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत पुनर्कर्जामा/बृद्धि/(कमी) | | - | - |
| **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी खर्च** | | - | - |
| **(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | | **(४१,०४७,४०१)** | **(१२,०४७,६८८)** |
| **(च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | | **५६,२८५,९७८** | **६८,३३३,६६७** |
| **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | | **१५,२३८,५७७** | **५६,२८५,९७८** |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

**निर्गुण प्रसाद भट्टचन**
**अध्यक्ष**

**प्रदिप कुमार खड्का**
**सञ्चालक**

**हेमन्त पौडेल**
**सञ्चालक**

**सुसन शेरचन**
**सञ्चालक**

**बद्री प्रसाद दुलाल**
**प्रमुख कार्यकारी अधिकृत**

**प्रमोद भट्टराई**
**प्रमुख-वित्त**

**जगदीश खड्का, सि.ए**
**के.जे. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

मिति: २०७५।०५।०७
ककनी, नुवाकोट

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड

## इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

आ. व. २०७४/७५ (रू.)

| बिवरण | शेयर पूंजी | सञ्चित ना. नो. | साधारण जगेडा कोष | पूँजिगत जगेडा कोष | शेयर प्रिमियम | सटही घटबढ कोष | स्थगन कर जगेडा | लगानी समायोजन कोष | प्रस्तावित बोनस शेयर | अन्य जगेडा तथा कोष | सामाजिक उत्तरदायित्व कोष | ग्राहक संरक्षक कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | ७०,०००,००० | (१४,६०१,८२८) | - | - | - | - | ३,५८५,९८७ | - | - | - | - | - | ५८,९८४,१५९ |
| स्थगन कर | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| समायोजित शुरु मौज्दात | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| समायोजन | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| यस आ.ब. को खुद नाफा | - | ११,०९२,५८५ | - | - | - | - | - | - | - | - | - | - | ११,०९२,५८५ |
| शेयर पूंजीमा वृद्धि | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| हकप्रद शेयर जारी बाट प्राप्त | ७०,०००,००० | - | - | - | - | - | - | - | - | - | - | - | ७०,०००,००० |
| प्रस्तावित वोनस शेयर | | - | - | - | - | - | - | - | - | - | - | - | - |
| साधारण जगेडा कोषमा सारेको | - | (२,२१८,५१७) | - | - | - | - | - | - | - | - | - | - | - |
| स्थगन कर कोष | - | ३,३९०,९२६ | - | - | - | - | (३,३९०,९२६) | - | - | - | - | - | - |
| भैपरी आउने जगेडा कोषमा सारेको | - | - | २,२१८,५१७ | - | - | - | - | - | - | - | - | - | - |
| प्रस्तावित लाभांस | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयर प्रिमियमबाट प्राप्त | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| सम्पत्ति | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| कर्मचारी कल्याणकारी कोष | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ग्राहक संरक्षण कोष | - | (११०,९२६) | | | | | - | | | | - | ११०,९२६ | - |
| लगानी समायोजन कोष | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| सामाजिक उत्तरदायित्व कोष | - | (११०,९२६) | - | - | - | - | - | - | - | - | ११०,९२६ | - | - |
| अन्तिम मौज्दात | १४०,०००,००० | (२,५५८,६८६) | २,२१८,५१७ | - | - | - | १९५,०६२ | - | - | - | ११०,९२६ | ११०,९२६ | १४०,०७६,७४५ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

**निर्गुण प्रसाद भट्टचन**
**अध्यक्ष**

**प्रदिप कुमार खड्का**
**सञ्चालक**

**हेमन्त पौडेल**
**सञ्चालक**

**सुसन शेरचन**
**सञ्चालक**

**बद्री प्रसाद दुलाल**
**प्रमुख कार्यकारी अधिकृत**

मिति: २०७५।०५।०७
ककनी, नुवाकोट

**प्रमोद भट्टराई**
**प्रमुख-वित्त**

**जगदीश खड्का, सि.ए**
**के.जे. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड
## शेयर पूँजी तथा स्वामित्व
२०७५ साल आषाढ मसान्तको

**अनुसूची ४.१**

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **१. शेयर पूँजी** | | |
| **१.१ अधिकृत पूँजी** | **२००,०००,०००** | **१००,०००,०००** |
| क) १,०००,००० साधारण शेयर प्रति शेयर रू. १०० ले | २००,०००,००० | १००,०००,००० |
| ख) ........ नन्रिडिमेवल प्रिफरेन्स प्रति शेयर रू. ...... ले | - | - |
| ग) ........ रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ...... ले | - | - |
| **१.२ जारी पूँजी** | **२००,०००,०००** | **१००,०००,०००** |
| क) १०,००,००० साधारण शेयर प्रति शेयर रू. १०० ले | २००,०००,००० | १००,०००,००० |
| ख) ....... नन्रिडिमेवल प्रिफरेन्स प्रति शेयर प्रति शेयर रू........... ले | - | - |
| ग) ....... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू............ ले | - | - |
| **१.३ चुक्ता पूँजी** | **१४०,०००,०००** | **७०,०००,०००** |
| क) ७,००,००० साधारण शेयर प्रति शेयर रू. १०० ले | १४०,०००,००० | ७०,०००,००० |
| ख) ....... नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ........ ले | - | - |
| सम्पत्ति | - | - |
| **१.४ प्रस्तावित बोनस शेयर** | - | - |
| **१.५ कल्स इन एडभान्स** | - | - |
| **१.६ जम्मा रकम (१.३+१.४+१.५)** | **१४०,०००,०००** | **७०,०००,०००** |

## शेयर स्वामित्व

| शेयर स्वामित्व विवरण | **यस वर्ष** | | **गत वर्ष** | |
|---|---|---|---|---|
| | % | शेयर पूँजी रू. | % | शेयर पूँजी रू. |
| | | | | |
| **१. स्वदेशी स्वामित्व** | | | | |
| १.१ नेपाल सरकार | | | | |
| १.२ “क” वर्गको इजाजतपत्रप्राप्त संस्थाहरू | | | | |
| १.३ अन्य इजाजतपत्र प्राप्त संस्थाहरू | | | | |
| १.४ अन्य संस्थाहरू | २०% | ४०,०००,००० | २०% | २०,०००,००० |
| १.५ सर्वसाधारण | | | | |
| १.६ अन्य (व्यक्तिगत संस्थापक) | ५०% | १००,०००,००० | ५०% | ५०,०००,००० |
| **२. बैदेशिक स्वामित्व** | | | | |
| | **७०%** | **१,४००,०००,०००** | **७०%** | **७००,०००,०००** |

**नोट :** माथि अनुसूचीमा उल्लेखित विवरण अन्तर्गत ०.५% वा सो भन्दा स्वामित्व भएकाको नाम , प्रतिशत र रकम खुलाएको विवरण यसै साथ संलग्न छ ।

# आशा लघुवित्त वित्तीय संस्था लि.

**मदानपुर ८, नुवाकोट**

**आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको ०.५% वा सो भन्दा बढी शेयर लिने शेयरधनीहरुः**

| क्र.सं. | नाम | शेयर संख्या | रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रभु ईन्भेष्टमेण्ट प्रा.लि. | २००,००० | २०,०००,००० | १४.२९% |
| २ | नेपाल ईन्भेष्टमेण्ट प्रा.लि. | २००,००० | २०,०००,००० | १४.२९% |
| ३ | तारा कुमारी भट्टचन | १९०,००० | १९,०००,००० | १३.५७% |
| ४ | रामबहादुर पाण्डे | १५९,००० | १५,९००,००० | ११.३६% |
| ५ | कुसुम लामा | १००,००० | १०,०००,००० | ७.१४% |
| ६ | अम्विका शर्मा | १००,००० | १०,०००,००० | ७.१४% |
| ७ | डा. आत्माराम घिमिरे | १००,००० | १०,०००,००० | ७.१४% |
| ८ | सुरज कुमार श्रेष्ठ | ५०,००० | ५,०००,००० | ३.५७% |
| ९ | संगीता बस्नेत | ३०,००० | ३,०००,००० | २.१४% |
| १० | दक्ष पौडेल 'सुभास' | ३०,००० | ३,०००,००० | २.१४% |
| ११ | कविता पोखेल | २०,००० | २,०००,००० | १.४३% |
| १२ | ध्रुवकुमार श्रेष्ठ | २०,००० | २,०००,००० | १.४३% |
| १३ | श्रीराम ढकाल | २०,००० | २,०००,००० | १.४३% |
| १४ | राजेन्द्र वस्ती | २०,००० | २,०००,००० | १.४३% |
| १५ | गिता खनाल | १५,००० | १,५००,००० | १.०७% |
| १६ | रामेश्वर सापकोटा | १०,००० | १,०००,००० | ०.७१% |
| १७ | हेमन्त पौडेल | १०,००० | १,०००,००० | ०.७१% |
| १८ | विनय ढुँगाना | १०,००० | १,०००,००० | ०.७१% |
| १९ | मणिराम पोखरेल | १०,००० | १,०००,००० | ०.७१% |
| २० | विनोद थकाली | १०,००० | १,०००,००० | ०.७१% |
| २१ | प्रदिपकुमार खड्का | १०,००० | १,०००,००० | ०.७१% |
| २२ | उमेश दाहाल | १०,००० | १,०००,००० | ०.७१% |
| २३ | सुसन शेरचन | १०,००० | १,०००,००० | ०.७१% |
| २४ | पुष्कर दाहाल | १०,००० | १,०००,००० | ०.७१% |
| २५ | ऋषिराम गौतम | १०,००० | १,०००,००० | ०.७१% |

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड

## जगेडा तथा कोषहरू

२०७५ साल आषाढ मसान्तको

अनुसूची ४.२

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| १. साधारण जगेडा कोष | २,२१८,५१७ | - |
| २. पूँजीगत जगेडा कोष | - | - |
| ३. पूँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve) | - | - |
| ४. पूँजी समायोजन कोष | - | - |
| ५. अन्य जगेडा तथा कोष | - | |
| ५.१ भैपरी आउने जगेडा | | - |
| ५.२ संस्था विकास कोष | - | - |
| ५.३ लाभांश समिकरण कोष | - | - |
| ५.४ विशेष जगेडा कोष | - | - |
| ५.५ सम्पत्ति पुर्नमुल्यांकन कोष | - | - |
| ५.६ लगानी समायोजन कोष | - | - |
| ५.७ स्थगन कर जगेडा | १९५,०६२ | ३,५८५,९८७ |
| ५.८ अन्य स्वतन्त्र कोष | - | - |
| ५.९ अन्य जगेडा कोष | - | - |
| ५.१० कर्मचारी कल्याणकारी कोष | - | - |
| ५.११ ग्राहक संरक्षक कोष | ११०,९२६ | - |
| ५.१२ सामाजिक उत्तरदायित्व कोष | ११०,९२६ | - |
| ६. संचित नाफा/नोक्सान | (२,५५८,६८६) | (१४,६०१,८२७) |
| ७. सटही घटबढ कोष | - | - |
| **जम्मा** | **७६,७४५** | **(११,०१५,८४०)** |

## ऋणपत्र तथा वण्ड

२०७५ साल आषाढ मसान्तको

अनुसूची ४.३

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| १. ......... प्रतिशत वण्ड /ऋणपत्र प्रति वण्ड/ऋणपत्र .....रू. ले........... मिति .............. मा जारी भएको र मिति..............मा चुक्ता हुने (हालसम्मको Redemption Reserve रकम रू. ....................) | - | - |
| २. ......... प्रतिशत वण्ड /ऋणपत्र प्रति वण्ड/ऋणपत्र .....रू. ले........... मिति .............. मा जारी भएको र मिति..............मा चुक्ता हुने (हालसम्मको Redemption Reserve रकम रू. ....................) | - | - |
| ३. ............ ...... | - | - |
| ४. जम्मा (१+२+३) | - | - |

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड

## तिर्न बाँकी कर्जा (सापटी)

२०७५ साल आषाढ मसान्तको

**अनुसूची ४.४**

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **क. स्वदेशी** | | |
| १. नेपाल सरकार | - | - |
| २. नेपाल राष्ट्र बैंक | - | - |
| ३. रिपो दायित्व | - | - |
| ४. अन्तर बैंक तथा वित्तीय संस्था | ८९७,२३७,५८३ | ३६५,२५०,४२४ |
| ५. अन्य संगठित संस्थाहरू | - | - |
| ६. अन्य | - | - |
| **जम्मा** | **८९७,२३७,५८३** | **३६५,२५०,४२४** |
| **ख. विदेशी** | | |
| १. बैंकहरू | - | - |
| २. अन्य | - | - |
| **जम्मा** | - | - |
| **ग. जम्मा (क+ख)** | **८९७,२३७,५८३** | **३६५,२५०,४२४** |

## निक्षेप हिसाब

२०७५ साल आषाढ मसान्तको

**अनुसूची ४.५**

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **१. ब्याज तिर्नु नपर्ने खाताहरू** | - | - |
| १.१ वित्तीय संस्थाहरू | - | - |
| १.२ अन्य संगठित संस्थाहरू | - | - |
| १.३ व्यक्तिगत | - | - |
| **ब्याज तिर्नु नपर्ने खाताहरूको जम्मा** | - | - |
| **२. ब्याज तिर्नु पर्ने खाताहरू** | | - |
| **क. बचत हिसाब** | **२५७,२९४,४९१** | **३६,९४२,५३०** |
| १.१ संघ संस्थाहरू | - | - |
| १.२ व्यक्तिगत | २५७,२९४,४९१ | ३६,९४२,५३० |
| १.३ अन्य | - | - |
| **ख. मुद्दती हिसाब** | - | - |
| १.१ संघ संस्थाहरू | - | - |
| १.२ व्यक्तिगत | - | - |
| १.३ अन्य | - | - |
| **ब्याज तिर्नु पर्ने खाताहरुको जम्मा** | **२५७,२९४,४९१** | **३६,९४२,५३०** |
| **जम्मा निक्षेप (१+२)** | **२५७,२९४,४९१** | **३६,९४२,५३०** |

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेड

## अन्य दायित्व

२०७५ साल आषाढ मसान्तको

**अनुसूची ४.६**

| **विवरण** | **यस वर्ष रू.** | **गत वर्ष रू.** |
|---|---|---|
| १. पेन्सन/उपदान कोष | - | - |
| २. विदा वापतको व्यवस्था | १,५२१,१४३ | १९१,९९६ |
| ३. कर्मचारी सञ्चय कोष | - | २१७,१३४ |
| ४. कर्मचारी कल्याण कोष | - | - |
| ५. कर्मचारी वोनस व्यवस्था | १,४७४,२३४ | - |
| ६. निक्षेपमा भुक्तानी दिन बाँकी ब्याज | ५,६५५,५०१ | २०१,७०३ |
| ७. सापटीमा भुक्तानी दिन बाँकी ब्याज | - | ३४२,९९६ |
| ८. सण्ड्री क्रेडिटर्स | ४१७,४०८ | ५१९,८११ |
| ९. शाखा मिलान हिसाब | - | - |
| १०. स्थगन कर दायित्व | - | - |
| ११. भुक्तानी दिनुपर्ने बिलहरु | - | - |
| १२. भुक्तानी दिन बाँकी लाभांश | - | - |
| १३. अन्य | १२,८७१,४७० | ४,९८२,०६८ |
| **जम्मा** | **२१,९३९,७५७** | **६,४५५,७०८** |

## बैंक/वित्तीय संस्थामा रहेको मौज्दात

२०७५ साल आषाढ मसान्तको

**अनुसूची ४.७**

| **विवरण** | **स्वदेशी मुद्रा** | विदेशी मुद्रा रू.मा | | | कुल रू. | गत वर्ष |
|---|---|---|---|---|---|---|
| | | **भा.रू.** | **परिवर्त्य वि.मु.** | **जम्मा** | | |
| १. स्वदेशी इजाजत पत्र प्राप्त संस्थाहरू | १५,०९२,०२५ | - | - | - | १५,०९२,०२५ | ५५,८५३,४५५ |
| क. चल्ती खाता | ५,८००,६४३ | - | - | - | ५,८००,६४३ | २,२१४,२२२ |
| ख. अन्य खाता | ९,२९१,३८२ | - | - | - | ९,२९१,३८२ | ५३,६३९,२३३ |
| **जम्मा** | **१५,०९२,०२५** | - | - | - | **१५,०९२,०२५** | **५५,८५३,४५५** |

**नोटः सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाहरुको समर्थनपत्र अनुसारको कुल मौज्दात रु. १५,०९२,०२५**

## लगानी

२०७५ साल आषाढ मसान्तको

**अनुसूची ४.८**

| विवरण | प्रयोजन | | यस वर्ष रू. | गत वर्ष रू. |
